United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

## उज्यालो नेसनल नेटवर्कद्वारा संविधानसभाको निर्वाचनमा मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय-नेपालको रेडियो नाटक प्रसारण प्रारम्भ

यो हप्ता नेपालभरका एफएम स्टेसनहरूको सञ्जाल उज्यालो नेसनल नेटवर्कले मानवअधिकार तथा संविधानसभा(सस) निर्वाचनबारे उच्चायुक्तको कार्यालय-नेपालद्वारा निर्मित तीनवटा रेडियो नाटकको शृङ्खला प्रसारण गर्न प्रारम्भ गऱ्यो।*

ती तीनवटा छोटा नाटकहरूले वर्तमान निर्वाचन प्रक्रियामा सान्दर्भिक केही मानवअधिकारहरूबारे छलफल गरिरहेका औसत नेपालीहरूको चित्रण प्रस्तुत गर्दछन्। यी अधिकारहरूमा देहायका छन्ः

- बाँच्न पाउने अधिकार;
- सहभागी बन्न पाउने अधिकार;
- मत राख्न पाउने, अभिव्यक्ति तथा सूचनामाथिको पहुँचको स्वतन्त्रता;
- शान्तिपूर्णरूपमा भेला हुन पाउने अधिकार तथा सङ्गठन गर्न पाउने स्वतन्त्रता;
- आवतजावत गर्न पाउने स्वतन्त्रता;
- डरत्रासबाट मुक्त हुने स्वतन्त्रता;
- भेदभावबाट मुक्त हुने स्वतन्त्रता।

मानवअधिकार तथा संविधानसभा निर्वाचनबारे सार्वजनिक सूचना वितरण गर्नुका अतिरिक्त उच्चायुक्तको कार्यालयका नेपालभर रहेका टोलीहरूले निर्वाचन प्रक्रियाको मानवअधिकारसम्बन्धी पक्षहरूको अनुगमन गर्न थालिसकेका छन्। यसमा निर्वाचनसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका आरोपहरूका रिपोर्टहरूमा प्रतिक्रिया गर्ने तथा सार्वजनिक प्रतिवेदन वा राजनीतिक पात्रहरू वा स्थानीय राज्यअधिकारीहरूसँगका बैठकजस्ता अन्य प्रकारका वकालतमार्फत् सम्बोधन गर्न सकिने उल्लङ्घनका ढाँचाहरूको पहिचान गर्न आफै सक्रिय भएर अनुगमन गर्ने कुरा पर्दछन्।

** उज्यालो नेसनल नेटवर्कमा बिहान ६:०८ बजे यी रेडियो नाटकको प्रसारण हुन्छ। काठमाडौंमा उज्यालो एफएम ९०.० मेगाहर्जमा यो प्रसारण हुन्छ । यी नाटकहरू प्रसारण गर्ने अन्य स्टेसनहरूको सूची यसैसाथ नत्थी गरिएको छ।*

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org